बैठक संख्या: १८८/०९/२०८२/०८३
मिति :२०८३/०१/१५
समय : दिनको २.०० बजे

आज मिति २०८३/०१/१५ गते मंगलबार दिन यस शुक्लाफाँटा नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री रणबहादुर महरा ज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसि निम्न अनुसार निर्णय गरियो ।

तपसिल:

| | |
|---|---|
| १. श्री रण बहादुर महरा: नगर प्रमुख | अध्यक्ष |
| २. श्री कल्पना कुमारी जोशी पन्त: नगर उप-प्रमुख | सदस्य |
| ३. श्री उत्तर देव भट्ट: वडा अध्यक्ष वडा नं १ | सदस्य |
| ४. श्री भोदुराम डगौरा: वडा अध्यक्ष वडा नं २ | सदस्य |
| ५. श्री नरेन्द्रप्रसाद चौधरी: वडा अध्यक्ष वडा नं ३ | सदस्य |
| ६. श्री कमल ठकुल्ला: वडा अध्यक्ष वडा नं ४ | सदस्य |
| ७. श्री चक्रबहादुर खड्का: वडा अध्यक्ष वडा नं ५ | सदस्य |
| ८. श्री दान सिंह ऐर: वडा अध्यक्ष वडा नं ६ | सदस्य |
| ९. श्री प्रताप धामी: वडा अध्यक्ष वडा नं ७ | सदस्य |
| १०. श्री बहादुर सिंह महरा: वडा अध्यक्ष वडा नं ८ | सदस्य |
| ११. श्री रमेश बहादुर ऐर: वडा अध्यक्ष वडा नं ९ | सदस्य |
| १२. श्री लाल बहादुर ऐर: वडा अध्यक्ष वडा नं १० | सदस्य |
| १३. श्री शेर बहादुर साउद: वडा अध्यक्ष वडा नं ११ | सदस्य |
| १४. श्री नवल सिंह राना: वडा अध्यक्ष वडा नं १२ | सदस्य |
| १५. श्री लक्ष्मी देवी ऐर: नगर कार्यपालिका सदस्य | सदस्य |
| १६. श्री भुमा देवी चन्द: नगर कार्यपालिका सदस्य | सदस्य |
| १७. श्री शान्ती देवी ऐर: नगर कार्यपालिका सदस्य | सदस्य |
| १८. श्री सुर्जा बि.क: नगर कार्यपालिका सदस्य | सदस्य |
| १९. श्री गणेश बिक: नगर कार्यपालिका सदस्य | सदस्य |
| २०. श्री सरस्वती कुमारी जोशी: नगर कार्यपालिका सदस्य | सदस्य |
| २१. श्री खेमराज बिष्ट : प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

## १८८ औं कार्यपालिका बैठकका निर्णयहरू

मिति २०८३/०१/१५ गते

निर्णय नं. १: १८७ औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो ।

निर्णय नं. २: शुक्लाफाँटा नगर शिक्षा समितिको मिति २०८३/०१/१४ गते बसेको बैठकका देहाय बमोजिमका निर्णयहरु अनुमोदन गर्ने।

<u>नगर शिक्षा समितिको निर्णय नं. २</u>: यस नगरपालिका अन्तर्गत सञ्चालित कृष्ण माध्यमिक विद्यालय झलारीमा शैक्षिक सत्र २०८३ देखि कक्षा ११ मा विज्ञान संकाय सञ्चालन गर्न पुर्वाधार व्यवस्थापन,प्रचारप्रसार र शिक्षक व्यवस्थापन लगायतका कार्य गर्न चालु आ.व.मा रु ३५००००।– समपुरक कोषबाट अनुदान दिने र आगामी आर्थिक वर्ष देखि शिक्षक व्यवस्थापन लगायत शैक्षिक गुणस्तर सुधारका लागि कम्तिमा रु.१००००००।– वार्षिक रुपमा उपलब्ध गराउने ।

<u>नगर शिक्षा समितिको निर्णय नं. ३:</u> यस नगरपालिका अन्तर्गत सञ्चालित संस्थागत विद्यालयहरुको वर्गिकरण गर्न तपसिल अनुसारको एउटा सिफारिस समिति गठन गर्ने र शैक्षिक सत्र २०८३ को हकमा गत शैक्षिक सत्रमा लिएको मासिक पढाई शुल्कमा १० प्रतिशत नबढ्ने गरी वृद्धि गर्न सक्ने गरी विद्यालयहरुलाई जानकारी गराउने:

तपसिल:

| | |
|---|---|
| प्र.प्र.अ. श्री खेमराज विष्ट | – संयोजक |
| शिक्षा शाखा प्रमुख श्री टिकेन्द्र राज भट्ट | - सदस्य |
| एनप्याबसन प्रतिनिधि श्री डम्वर दत्त अवस्थी | - सदस्य |
| शिक्षा अधिकृत श्री सुरेश प्रसाद भट्ट | - सदस्य सचिव |

<u>नगर शिक्षा समितिको निर्णय नं. ६</u>: यस नगरपालिका अन्तर्गतका केहि सामुदायिक विद्यालयहरुमा टिनको छाना चुहिने र फलसिलिङ्ग समेत नभएका कारण पठनपाठनमा समस्या भएकाले सो को टिन फेर्ने, फलसिलिङ्ग बनाउने, रंगरोगन, मर्मत सम्भार र वायरिङ्ग लगायतका कार्य गर्न सुदुरपश्चिम प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय र सामाजिक विकास मन्त्रालयमा रु एक करोड रकम व्यवस्थापनका लागि माग/सिफारिस गर्ने ।

<u>नगर शिक्षा समितिको निर्णय नं. ८:</u> यस नगरपालिका अन्तर्गत सञ्चालित कृष्ण बैजनाथ बहुमुखी क्याम्पसमा अध्ययनरत छात्राहरुको लागि स्यानीटरी प्याड व्यवस्थापनका लागि समपुरक कोषबाट रु. २,००,०००।– अनुदान उपलब्ध गराउने ।

निर्णय नं. ३: शुक्लाफाँटा नगरपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने।

रण बहादुर महरा
नगर प्रमुख



प्रशासकीय अधिकृत

निर्णय नं. ४: शुक्लाफाँटा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति, २०८३ स्वीकृत गर्ने ।

निर्णय नं. ५: भट्ट ब्रदर्स निर्माण सेवा, शुनपा-१ लाई घ वर्ग निर्माण व्यवसायी ईजाजत प्रदान गर्ने ।

निर्णय नं. ६: वडा नं. ११ मा खाल्डा खुल्डि भरान तथा सडक मर्मत कार्यको हुन आउने रकम रू २ लाख ५० हजार वडा नं. ११ को विविध खर्च शिर्षकबाट भूक्तानी गर्ने ।

निर्णय नं. ७: भुमि व्यबस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरवार काठमाण्डौको मिति २०८३/०१/१० गतेको सूचना बमोजिम भूमि प्रशासन सम्बन्धि सेवाहरु स्थानीय तहबाट प्रवाह गर्न आवश्यक तयारी गर्ने ।

निर्णय नं. ८: जिल्ला समन्वय समितिको कार्यालय, कंचनपुरको च. नं. ५७० मिति २०८३/०१/०९ गतेको पत्रअनुसार यस नगरपालिका संग सम्बन्धित व्यक्तिगत घटना दर्ता सम्बन्धि कागजात ढड्डाहरु जिल्ला समन्वय समितिको कार्यालयबाट वुझि यस कार्यालयमा ल्याउने र डिजिटाईज गरि अभिलेख सुरक्षित राख्ने ।

निर्णय नं. ९: राजश्व परामर्श समितिको मिति २०८३/०१/०४ गतेका देहाय वमोजिमका निर्णयहरु अनुमोदन गर्ने ।

<u>राजश्व परामर्श समितिको निर्णय नं १:</u> आ.व २०८२/८३ मा नदि जन्य पदार्थ को व्यवस्थापन संकलन कार्यका लागि मिति २०८२/१०/४ गते को राजश्व परामर्श समितिको बैठकको निर्णय वमोजिम वार्ड न.८ को गौडी खोलाको नदिजन्य पदार्थ व्यवस्थापनको ठेक्का आह्वान गर्दा दुइ पटकको सुचनामा कुनै पनि बोलपत्रदाताले ठेक्का कबोल नगरेको र यस आर्थिक वर्ष भित्र ठेक्का व्यवस्थापनका लागि समय छोटो रहेकाले स्वीकृत वातावरणीय अध्यन्न ( IEE Report) अनुसार तोकिएको घाटहरु वाट Site 3 वाट मात्र नदिजन्य पदार्थको ठेक्का व्यवस्थापन गर्न तपशिल बमोजिमको परिमाण र कबोल अंक संसोधन गरि १५ दिने सुचना प्रकासन गरि बोलपत्र आह्वान गर्ने ।

तपशिल :

| सि.नं | ठेक्का | साविकको उत्खनन गर्न मिल्ने परिमाण (घ.मि) | हाल उत्खनन गर्न मिल्ने परिमाण (घ.मि) | साविकको कबोल रकम (रु.)मु.अ.कर बाहेक | हाल संसोधित कबोल रकम (रु.) मु.अ.कर बाहेक |
|---|---|---|---|---|---|
| १. | वार्ड नं ८ गौडी खोलाबाट नदिजन्य पदार्थ उत्खनन तथा व्यवस्थापन | २८३१०.००(Site 1, Site 3) | १४२५६.०० (Site 3) | ५९९९४५५.२० | ३०२११३१.५२ |



प्रमुख प्रशासकीय अधिकृत

रण बहादुर महरा
नगर प्रमुख

राजश्व परामर्श समितिको निर्णय नं [illegible] २०८२/८३ मा नदि जन्य पदार्थ को व्यवस्थापन संकलन कार्यका लागि वार्ड न.८ को अनोखी खोलाको नदिजन्य पदार्थ व्यवस्थापनको ठेक्का आहान गर्दा ६ (छ) पटकको सुचनामा कुनै पनि बोलपवदाताले ठेक्का कबोल नगरेको र यस आर्थिक वर्ष भित्र ठेक्का व्यवस्थापनका लागि समय छोटो रहेको र स्वीकृत वातावरणीय अध्ययन ( IEE report) अनुसार तोकिएको घाटहरुको संख्या १ (एक) मात्र रहेकाले उक्त परिमाण संसोधन गर्न नसकिने भएको हुँदा यस आ.व मा सो खोलाबाट पुन: ठेक्का आहान नगर्ने गरि उक्त ठेक्का रद्द गर्ने निर्णय गरियो।

निर्णय नं १०: नेपाल सरकारबाट स्विकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्वन्धि राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम शुक्लाफाँटा नगरपालिकाको संगठन र व्यवस्थापन सर्भेक्षण गर्ने निर्णय गरियो ।

निर्णय नं ११: राजश्व शाखाबाट मिति २०८३/०१/०९ गते पेश भएको टिप्पणी बमोजिम ऐलानी/प्रति तथा चलनभोगमा रहेको जग्गामा स्थापना भई संचालन गरिएका व्यवसायहरुलाई समेत दर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं १२: पश्चिम पाटि वेदकोट नपा ७ महेन्द्रनगरलाई बाहसिंगा व्याडमिन्टन प्रतियोगिता २०८३ संचालनका लागि रू १५ हजार आर्थिक सहयोग उपलब्ध गर्ने निर्णय गरियो ।

निर्णय नं १३: शुक्लाफाँटा नगरपालिका वडा नं. १२ खल्ला टोलमा निर्माणधिन अवस्थामा रहेको रानाथारू संग्रहालय निर्माणको लागि प्रदेश सरकार संग आवश्यक बजेट माग गर्ने निर्णय गरियो।

निर्णय नं १४: नाटक लेखक धन सिंह महरा (मो. नं. ९८६९८०१४९१) लाई लागु औषध सम्वन्धि सडक नाटक संचालनका लागि रू २५ हजार मात्र उपलब्ध गर्ने निर्णय गरियो ।

निर्णय नं १५: वडा नं. ९ असिग्राम मा. वि. को खुला सिमानाका कारण विद्यालय प्राङ्गण भित्र असुरक्षित वातावरण रहेको व्यहोरा समेत विद्यालय परिसर घेरबारकालागि उक्त विद्यालय र ९ नं. वडा कार्यालयबाट माग भई आएकाले असिग्राम मा. वि. विद्यालय परिसर मेसवायर जाली घेरबारका लागि रू ५ लाख समपूरक कोषबाट भूक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं १६: श्री कृष्ण वैजनाथ बहुमुखि क्याम्पसलाई अनुदान उपलब्ध गर्न तथा नगर क्षेत्रमा उच्च शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक कार्यविधि बनाई आगामि कार्यपालिकामा पेश गर्न शुक्लाफाँटा नगरपालिकाको शिक्षा शाखालाई जिम्मेवारी दिने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

रण बहादुर महरा
नगर प्रमुख